# स्थानीय तहवाट संचालन गरिने कार्यक्रमहरूको
# कार्य संचालन मार्गदर्शन

## स्वास्थ्य शाखा बुङ, सोलुखुम्बु ।

**आ.ब. २०७८ ।०७९**

**१.कार्यक्रमको नामः- स्वास्थ्य शाखा मसलन्द तथा कार्यालय सामाग्री (कार्यालय सन्चालन तथा प्रशासन)**

| | |
|---|---|
| परिचय | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्था (स्वास्थ्य चौकी तथा अस्पतालहरु सेवा केन्द्र तथा ईकाइ हरुको प्रशासनीक खर्च समेतको लागी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थामा समयमै आबश्यक पर्ने स्टेशनरी तथा अन्य सामाग्री खरिद गरी कार्य सम्पादनमा सहयोग पुयायउने ।<br>अस्पतालको सेवालाई छिटो र छरीतो बनाउन । |
| अपेक्षित प्रतिफल | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थाहरुमा समयमै सामाग्रीहरुको आपुर्ति ब्यबस्था मिलाई कार्यालयको ब्यबस्थापनमा सहयोग हुने । |
| सञ्चालन प्रकृया | स्वास्थ्य शाखाले आफु मातहतका स्वास्थ्य सस्थाहरुमा प्रचिलत कानुन् बमोजिम सामाग्री खरिद गरी बितरण गर्नु पर्नेछ । सम्बन्धित खरीदकर्ताहरुले प्रचलित कानुन्को अधिनमा रही कार्यहरु समयमा वा तोकीएको चौमासीकमा गर्नु पर्नेछ । अस्पतालले कार्यक्रम संचालन गर्दा पुर्ब स्वीकृती कार्यक्रम संचालन गर्नु पर्नेछ । खर्च गर्दा सार्बजनिक खरीद एन र नियमावलीहरुको पुर्ण पालना गर्नु पर्नेछ |
| बजेट बाँडफाँड | यस कार्यक्रम संचालन गर्नका लागी आ ब २०७८/०७९ मा रु १६०००० एक लाख साठी हजार रकम बिनियोजन गरीएको छ जसलाइ चौमासीक रुपमा छुटाई कार्यक्रम संचालन गरिने छ । |

**२.कार्यकम नामः महिला स्वा.स्व.से.का लागी बार्षिक समिक्षा आखाँ सम्बन्धि तालिम तथा स्वास्थ्य बिमा कार्यक्रम**

| | |
|---|---|
| परिचय | यो स्थानिय सरकार को अ ब २०७८/०७९ को समानिकरण बजेटबाट तयार गरिएको कार्यकम हो महाकुलुङ गाउँपालिका भरीका महिला स्वास्थ्य स्वयं सेबिकाहरुलाई जागरुक गराई स्वास्थयमा भएका कमी कमजोरी हटाई परिबर्तितत समाजको निर्माणमा सहभागीता मुलक कार्य दिशा दिनु यो कार्यक्रमको परिचय हो स्वयंम सेबकको रुपमा कार्य गरी रहेका दिदी बैनीहरुलाई हौसला मिलोस भन्ने हेतुले यो कार्यक्रम ल्याईको हो समुदायमा बर्षै देखी भाबनात्मक रुपमा सहयोग पुर्याई रहेका म.स्वा.से. हरुको लागी गाउँपालिका ले यो कार्यक्रमको शुरुवात गत बर्षबाट गरीएको छ ।साथै महिला स्वा.स्व.से.का लागी बार्षिक समिक्षा २ दिने , आखाँ सम्बन्धि तालिम २ दिने तथा स्वास्थ्य कर्मीहरुलाई आखाँ सम्बन्धि ५ दिने तालिम र स्वास्थ्य बिमा कार्यक्रम संचालन गर्नु यो कार्यक्रमको उदेश्य रहेको छ । |
| कार्यक्रमको उद्देश्य | १.समुदायमा रहेका अभिभाबकहरुलाई जागरुक गराउन अभियान संचालन गर्ने ।<br>२ .संबिधानले प्रत्याभुती गरेका गुणस्तरीय सेवाहरु प्रतिकारात्मक ,प्रबद्धनात्मक, उपचारात्मक तथा संबेगात्मक सेवाहरुलाई प्राथमिकतामा राख्ने ।<br>३.घर दैलो कार्यक्रम मार्फत महिला स्वास्थ्य स्वयं सेबिकाहरु परिचालन गरी २४ महिनाका बाल बालिकाको पोषण स्थीतीको लेखा जोखा गर्न ।<br>४.कार्यक्रममा उत्साह तथा उत्साहित भई समुदायलाई स्वास्थ्य क्षेत्रमा परिबर्तन गर्न सहयोग प्रदान गर्न<br>५.म.स्वा. स्वा. से,स्वास्थ्य सस्था र स्वास्थ्य कर्मी बिचको दुरी बढाउन ।<br>६. जनचेतना अभियानमा सहभागी गराउनु सक्ने बाताबरण तयार हुने ।<br>७. गर्भवती देखी नै स्यार सुसार गरी स्वस्थ्य बच्चा स्वस्थ्य नागरीक निमार्ण गर्नु ।<br>८. बाल तथा मातृ मृत्यू दर घटाई रोगको दरमा कमी ल्याउन ।<br>९. सबै म.स्वा. स्वा. से,को स्वास्थ्य बिमा गराई आर्थिक भार कम गराउन ।<br>१०. संचारमा लाग्ने खर्चलाई कम गर्नु ।<br>११ महिला स्वास्थ्य स्यम् सेबिकाको माध्मबाट समुदायमा भएका आखा सम्बन्धि समस्याको उपचारमा सहयोग पुर्यारउन ।<br>१२ स्वास्थ्य कर्मिहरुलाई आखाँ सम्बन्धि तालिम उपलब्ध गराई समुदायमा आखाँ सम्बन्धि सामन्य समास्याको समाधान गर्नु र आखाँमा जटिलता देखा परे रेफरल सिस्टमलाई ब्यबस्थीत गर्नु । |
| अपेक्षित प्रतिफल | समयमा नै कार्यक्रम सम्पन्न गर्न सहयोग मिल्ने छ<br>आमा समुह तथा अभियानका कार्यक्रम संचालन गर्न सक्ने छन् । |

| | |
|---|---|
| | सबै म.स्वा. स्वा. से. हरुले स्वास्थ्य बिमा गराउने छन् र स्वास्थ्यमा लाग्ने आर्थिक भारमा कमी हुने ।<br>तालिम पश्चात समुदायले आखाँ सम्बन्धि समस्याको समाधान भएको महशुस गर्ने छन् । |
| संचालन प्रक्रिया | महिला स्वा.स्व.से.का लागी बार्षिक समिक्षा २ दिने , महिला स्वा.स्व.से.का २ दिने आखाँ सम्बन्धि तालिम तथा स्वास्थ्य कर्मीहरुलाई आखाँ सम्बन्धि ५ दिने तालिम र स्वास्थ्य बिमा कार्यक्रम संचालन गरिने छ साथै सघिय सरकारबाट महिला स्वास्थ्य स्यम सेबिका दिबस मनाउनका लागी रु १०००० बिनियोजन भएकोमा र उक्त रकमले नपुग हुने भएको हुदाँ उक्त कार्यक्रम संचालन गर्नका लागी थप रु २००००। गरी महिला स्वास्थ्य स्यम सेबिका दिबस मनाइने छ ।उक्त कार्यक्रम पालिका भरीका स्वास्थ्य सस्थामा कार्यरत महिला स्वास्थ्य स्यम सेबिकाहरुबाट नै कार्यक्रम संचालन गरीने छ साथै पालिकामा गठीत महिला स्वास्थ्य स्यम सेबिकाहरुलाई यसको जिम्मा दिईने छ ।<br>गाउँ पालिका स्वास्थ्य शाखाले टिप्पणी उठाई बैक खाता मार्फत रकम उपलब्ध गराइने छ । स्वास्थ्य बिमा गराउने अभिकर्ता मार्फत सबै महिला स्वास्थ्य स्वयं सेबिकाको स्वास्थ्य बिमा गराईने छ जसका लागी नेपाल सरकारले तोकेको शुल्क दिइने छ । बार्षिक रुपमा स्वास्थ्य बिमा लागी प्रति महिला स्वास्थ्य स्यम सेबिका बापत रु १७५० का दरले उपलब्ध गराइने छ। महिला स्वास्थ्य स्यम सेबिका तथा स्वास्थ्य कर्मिहरुका लागी (महिला स्वा.स्व.से.का २ दिने आखाँ सम्बन्धि तालिम तथा स्वास्थ्य कर्मीहरुलाई आखाँ सम्बन्धि ५ दिने तालिम) आखाँ सम्बन्धि तालिम महिला स्वास्थ्य स्वयम सेबिका लागी पालिकामा तालिम संचालन गरीनेछ भने स्वास्थ्य कर्मिहरुका लागी सामुदायिक आखाँ उपचार इकाइ फाप्लुमा समन्वय गरी फाप्लुमा नै हुनेछ। जसका लागी बजेट ब्यबस्थापन पालिकाको हुनेछ ।सहभागी संख्या बजेटको परिधिभित्र रही निर्धारण गरीनेछ । |
| बजेट वाड फाँड | आ ब २०७८।२०७९ मा स्थानिय सरकारको समानिकरण बजेटबाट यो कार्यकम संचालन गरीने छ । |

| सि न | कार्यकमको बिबरण | कार्यक्रम सख्या | दिन | दर | जम्मा |
|---|---|---|---|---|---|
| १ | अर्धबार्षिक तथा बार्षिक समिक्षा | १ | २ | १४४० | ६६६५० |
| २ | महिला स्वास्थ्य स्वयं सेबिका दिबस मनाउन | १ | १ | २०००० | २०००० |
| ३ | महिला स्वास्थ्य स्वयं सेबिकाका तथा स्वास्थ्यकर्मिका लागी आखाँ सम्बन्धि तालिम | १ | महिला स्वास्थ्य स्वयं सेबिकाका को लागी २ दिन र स्वास्थ्यकर्मिहरुका लागी ५ दिन | १६४३५० | १६४३५० |
| ४ | महिला स्वास्थ्य स्वयं सेबिका बिमा कार्यक्रम | १ | | १७५० | ४९००० |
| | जम्मा | | | | ३०००००।०० |

### ३ कार्यक्रमको नामः औषधी लगायतका सामग्रीको ढुवानी

| | |
|---|---|
| परिचय | स्वास्थ्य संस्थाका लागि आवश्यक औषधि लगायतका सामग्रीको ढुवानी गर्नका लागि यो कार्यक्रम समावेश गरिएको छ । |
| उदेश्य | समयमा नै औषधि लगायतका सामग्रीको ढुवानी गरी वस्तुको परिमाण सुनिश्चित गर्न । |
| अपेक्षित प्रतिफल | औषधि लगायतका सामग्रीको समयमै ढुवानी तथा रिप्याकिङ र वितरण भै स्वास्थ्य संस्थामा भ्याक्सिन औषधि तथा सामान नियमित उपलब्ध हुने । |
| कार्यान्वयन गर्ने निकाय | सम्वन्धित स्थानीय तहको स्वास्थ्य शाखा । |

| | |
|---|---|
| सञ्चालन प्रकृया | • सामनहरु रिप्याकिङ्ग गर्नु पर्ने भएमा रिप्याकिङ्ग गर्ने ।<br>भ्याक्सिन ढुवानी समेत यसै शिर्षकबाट गरीनेछ ।<br>• नियमानुसार दर रेट लिई ढुवानी गर्ने ।<br>• ढुवानी गरिएका समान स्वास्थ्य संस्थामा पुऱ्याई अन्यत्र वितरण गर्नु पर्ने भएमा गर्न सकिने ।<br>• औषधि वा सामान रिकल गर्नु परेमा समेत सोही प्रकृया अवलम्वन गर्नु पर्नेछ ।<br>• औषधि औजार उपकरण रिप्याकिङ्ग तथा ढुवानी कार्य एकीकृत ढुवानीको अवधारणा बमोजिम नै सम्पन्न गर्नु पर्दछ अर्थात उपलब्ध गराउन पर्ने स्वास्थ्यका बिभिन्न कार्यक्रमका सरसामानहरू छुट्टा छुट्टै ढुवानी नगरी सम्भव भए सम्म एकै पटक एकीकृत रुपमा ढुवानी गर्नु पर्दछ।<br>• ढुवानी कार्यको लागि आवश्यक पर्ने प्याकिङ सामग्रीहरू (जस्तै काटुन, काटुन टेप, मार्कर), प्याकिङ ज्याला आदी समेत यस कायक्रम अन्तरगत खर्च गर्न सकिने छ ।<br>• यस बजेट शिर्षक अन्तरगत राखिएको बजेटलाई मुख्य गरी औषधि, साधन तथा उपकरणको ढुवानी तथा प्याकिङ सम्बन्धि कार्यमा मात्र खर्च गर्न पाइने छ ।<br>• स्वास्थ्य संस्थाहरु बाट प्राप्त LMIS त्रैमासिक प्रतिवेदनको अधारमा स्वास्थ्य संस्थामा भएको मौज्दातलाई अधार मानी औषधि, साधनहरू त्रैमासिक रूपमा स्थानीय निकायका वडाहरुमा नियमित आपुर्ति गर्ने व्यवस्था मिलाईनु पर्दछ।<br>विवरण संकलन<br>• स्वास्थ्य संस्थाहरू बाट त्रैमासिक LMIS प्रतिवेदन संकलन गर्ने त्रैमासिक समाप्त भएको पहिलो महिनाको ७ गते सम्म,<br>• स्वास्थ्य संस्थाहरू को माग तथा अवश्यकता अनुसार निकाशा गर्नु पर्ने परिमाण निर्धारण गरी ह.फा. तयार गर्ने । त्रैमासिक समाप्त भएको पहिलो महिनाको १५ गते सम्म<br>• स्वास्थ्य संस्थाहरू को लागि औषधि सामग्री प्याकिङ्ग गर्ने । त्रैमासिक भूक्तानी भएको पहिलो महिनाको २० गते बाट २५ गते सम्म<br>औषधि तथा सामग्री वितरण<br>• (ढुवानी) गर्ने त्रैमासिक भुक्तनी भएको पहीलो महीनाको २५ गते बाट मसान्त सम्म<br><br>वितरणको लागी गर्नुपर्ने कार्यहरूः<br>• स्वास्थ्य संस्थाहरूले त्रैमासीक भूक्तनी भएको पहीलो महीनाको ७ गते LMIS प्रतीवेदन पठाईनु पर्ने । |
| आर्थिक बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने ।रु १५००००।- |

**४ कार्यक्रमको नामः अस्पताल लगायत स्वास्थ्य सस्थाका लागी उपकरण खरीद ।**

| | |
|---|---|
| परिचय | कुनै पनि कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि अवश्यक औजार, उपकरण, अन्य सामग्रीहरू अवश्यक परिमाण, उपयूक्त समय तथा तोकिए कै स्थानमा उपलब्ध गराउन सकिएमा मात्र कार्यक्रमले अपेक्षा गरेको लक्ष्य हासिल गर्न सक्दछ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान भइ स्वास्थ्य संस्था प्रति सर्वसाधारण जनताको विश्वास समेत बढ्दछ । यस शिर्षक अन्तरगत बजेटको व्यवस्था गरिएको छ। |
| उदेश्य | स्थानीय स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यको लागि आवश्यक निःशुल्क अत्यावश्यक औजार उपकरणहरुको निरन्तर आपुर्ति हुने ।<br>• स्थानीय स्वास्थ्य संस्थाहरुमा औजार उपकरणको मौज्दात कायम राख्न ।<br>• औजार उपकरणको वितरण गर्ने व्यवस्था मिलाउन ।<br>भ्याक्सीन तथा अन्य ल्याबका समान हरु राख्नका लागी रेफ्रीजेनेटर समेत यसै बजेट बाट गरीनेछ । |
| अपेक्षित प्रतिफल | स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा औजार उपकरणहरुको उपलव्धता हुने. |
| संचालन गर्ने निकाय | स्थानिय निकाय अन्तरगतको स्वास्थ्य शाखा |

| | |
|---|---|
| संचालन बिधि | कार्य योजनाको संकलन गर्ने ।<br>• संकलित कार्य योजना अनुसार खरिद गर्नुपर्ने औजार उपकरण तथा स्वास्थ्य समाग्री खरिद एवं मर्मत तथा व्यवस्थापकीय कार्यहरुको सुची तयार गर्ने ।<br>• आवश्यकता अनुसार उपकरण तथा स्वास्थ्य सामग्रीको पुर्वानुमान तयार गर्ने ।<br>• उपलब्ध बजेटलाई समेत मनन गरी स्थानीय स्तरमा खरिद गर्नु पर्ने सामग्रीहरुको परिमाण सुनिश्चित गर्ने ।<br>• आवश्यकता अनुसारको र गुणस्तरीय औजार उपकरणका लागि स्पिफिकेसन तयार गर्ने ।<br>• विस्तृत विवरण सहितको खरीद योजना तयार बनाउने ।<br>• खरिदको परिणाम हेरी नियमानुसार वोलपत्र आव्हान गर्ने वा गोप्य कोटेशन लिने ।<br>• नियमानुसार खरीद गर्ने फर्म यकीन गरी सम्झौता गर्ने र आवश्यक सामान खरीद गर्ने । |
| आर्थिक वाँडफाँड | सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सम्भब भए सम्म ई बिडिङ प्रणालीबाट खरिद गर्ने । |

**५ कार्यक्रमको नामः औषधि खरिद ल्याब तथा एक्सरे सामाग्री खरिद कार्यक्रम**

| | |
|---|---|
| परिचय | कुनै पनि कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि अवश्यक औषधि, औजार, उपकरण, अभिलेख तथा प्रतिवेदन फारामहरू तथा अन्य सामग्रीहरू अवश्यक परिमाण, उपयूक्त समय तथा तोकिए कै स्थानमा उपलब्ध गराई सकिएमा मात्र कार्यक्रमले अपेक्षा गरेको लक्ष्य हासिल गर्न सक्दछ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान भइ स्वास्थ्य संस्था प्रति सर्वसाधारण जनताको विश्वास समेत बढ्दछ। यस शिर्षक अन्तरगत बजेटको व्यवस्था गरीएको छ। |
| उदेश्य | स्थानीय स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यको लागि आवश्यक निःशुल्क अत्यावश्यक औषधिहरुको निरन्तर आपुर्ति हुने ।<br>•स्थानीय स्वास्थ्य संस्थाहरुमा औषधिको मौज्दात कायम राख्न।<br>•औषधिको त्रैमासिक वितरण र पूनः वितरण गर्ने व्यवस्था मिलाउन । |
| अपेक्षित प्रतिफल | स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा औषधिहरु उपलव्धता हुने |
| संचालन गर्ने निकाय | स्थानिय निकाय अन्तरगतको स्वास्थ्य शाखा |
| संचालन बिधि | कार्य योजनाको संकलन गर्ने ।<br>• संकललत कार्य योजना अनुसार खरिद गर्नुपर्ने औषधि तथा अन्य स्वास्थ्य सर्जिकल समाग्रीहरुको खरिद एवं मर्मत तथा व्यवस्थापकीय कार्यहरुको सुची तयार गर्ने ।<br>• आवश्यकता अनुसार औषधि तथा अन्य स्वास्थ्य सर्जिकल सामाग्रीहरुको पुर्वानुमान तयार गर्ने<br>• उपलब्ध बजेटलाई समेत मनन गरी स्थानीय स्तरमा खरिद गर्नु पर्ने सामग्रीहरुको परिमाण सुनिश्चित गर्ने ।<br>• आवश्यकता अनुसारको र गुणस्तरीय औषधि तथा अन्य स्वास्थ्य सर्जिकल सामाग्रीहरुको लागि स्पिफिकेसन तयार गर्ने ।<br>• विस्तृत विवरण सहितको खरीद योजना तयार बनाउने ।<br>• खरिदको परिणाम हेरी नियमानुसार वोलपत्र आव्हान गर्ने वा कोटेशन लिने ।<br>• नियमानुसार खरीद गर्ने फर्म यकीन गरी सम्झौता गर्ने र आवश्यक सामान खरीद गर्ने । |
| आर्थिक वाँडफाँड | सार्बजनिक खरिद ऐन तथा नियमावली अनुसार सम्भब भए सम्म ई बिडिङ प्रणालीबाट खरिद गर्ने । |

### ६. स्वास्थ्य सस्थामा तथा अस्पतालमा  सफ्टवयर खरिद र सि सि टिभि जडान इ हाजिरी

| | |
|---|---|
| परिचय | कुनै पनि कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि तथा अस्पतालको सेवालाई २४ घण्टा अस्पतालको सेवा सुचारु तथा संचालन गर्नका लागी अवश्यक सामग्रीहरू मध्ये अवश्यक कम्यूटर प्रिन्टर तथा अस्पतालमा फार्मेसी लगायत अस्पतालको सेवालाई पारदर्शिता परिपक्कता रिपोर्टिङ तथा रेकर्डिङको लागी अति आबश्यक भएको हुदाँ उपयूक्त समय तथा तोकिए कै स्थानमा उपलब्ध गराउन सकिएमा मात्र अस्पतालले २४ घण्टा नै सेवा प्रबाह गर्न सके मात्र कार्यक्रमले अपेक्षा गरेको लक्ष्य हासिल गर्न सक्दछ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान भइ स्वास्थ्य संस्था प्रति सर्वसाधारण जनताको विश्वास समेत बढ्दछ। यस शिर्षक अन्तरगत बजेटको व्यवस्था गरीएको छ। |
| उदेश्य | स्थानीय स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने कार्यको लागि निरन्तर आपुर्ति हुने<br>• स्थानीय स्वास्थ्य संस्थाहरुमा औजार उपकरणको मौज्दात कायम राख्न ।<br>• औषधि तथा औजार उपकरणको वितरण गर्ने व्यवस्था मिलाउन ।<br>रेकडीङ तथा रीपोर्टिङलाई ब्यबस्थीत गर्नका लागी ।<br>सस्थामा कार्यरत कर्मचारीहरु अनुगमन गरी नियमित हाजरीहरुको ब्यबस्थापन गर्नु<br>हुन सक्ने घटनाहरुको ब्यबस्थापन गर्न र सो को निराकरणका लागी ।<br>अस्पतालको आम्दानी खर्चको मितब्ययीता अपनाउनका लागी । |
| अपेक्षित प्रतिफल | स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा नियमित रुपमा सेवाहरुको उपलव्धता हुने. |
| संचालन गर्ने निकाय | स्थानिय निकाय अन्तरगतको स्वास्थ्य शाखा |
| संचालन बिधि | कार्य योजनाको संकलन गर्ने ।<br>• संकललत कार्य योजना अनुसार खरिद गर्नु पर्ने समाग्रीहरुको खरिद एवं मर्मत तथा व्यवस्थापकीय कार्यहरुको सुची तयार गर्ने ।<br>• आवश्यकता अनुसार सामग्रीको पुर्वानुमान तयार गर्ने ।<br>• उपलब्ध बजेटलाई समेत मनन गरी स्थानीय स्तरमा खरिद गर्नु पर्ने सामग्रीहरुको परिमाण सुनिश्चित गर्ने ।<br>• आवश्यकता अनुसारको र गुणस्तरीय उपकरणका लागि स्पिफिकेसन तयार गर्ने ।<br>• विस्तृत विवरण सहितको खरीद योजना तयार बनाउने ।<br>• बजेट तथा खरिदको परिणाम हेरी नियमानुसार वोलपत्र आव्हान गर्ने । सार्बजनिक खरिद एन र नियमानुसार कार्य गर्ने ।<br>• नियमानुसार खरीद गर्ने फर्म यकीन गरी सम्झौता गर्ने र आवश्यक सामान खरीद गर्ने ।<br>. Software र E हाजिरी महाकुलुङ प्राथमिक अस्पतालमा र दुइ थान E हाजिरी छेस्काम र गुदेल स्वास्थ्य चौकीमा जडान गरीनेछ । |
| आर्थिक वाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने । |

| सि न | कार्यकमको बिबरण | संख्या | बजेट |
|---|---|---|---|
| १ | सिसी टी भी खरीद | ८ | १२०००० |
| २ | इ हाजीरी जडान | ३ | ४५००० |
| ३ | अस्पतालमा सफ्टवयर खरीद<br>Department of Registration, Department of OPD ,Department of Laboratory Department of Radiology Department of Indoor Service , Department of Emergency Service, Department of ANC Service Dental Service Department of Store Department of Pharmacy Health Bimma Program Electrical Attendance Software Perchet | 10 | ३५०००० |
| 4 | Training component ( All Hospital Staff and Other Member | 3 Day | ३५०००० |

**७ कार्यक्रमको नामः मातृ तथा नबशिशु स्याहार कार्यक्रम संचालन तथा सुत्केरी लक्षित कार्यक्रम संचालन गर्ने गाउँपालिका उत्प्रेरणा खर्च कार्यक्रम साथै जटीलता भएका प्रशुती तथा २८ दिन भित्रका नबजात शिशुहरुलाई रेफर कार्यक्रम २०७४**

| | |
|---|---|
| परिचय | हाल नेपाल सरकारको स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य चौकीमा उपलब्ध नर्सिङ स्टाफहरुद्धारा प्रशुती केन्द्रमा २४ घण्टा सेवा बिस्तार गरीएको भएता पनि हालसम्म स्वास्थ्य संस्थामा नै प्रसुती सेवा दिन तथा लिनका लागी आर्थिक तथा सास्कृतीक रुपमा पछाडी रहेका जन समुहलाई लक्षित गरी यो कार्यक्रम संचालनमा ल्याइएको हो यस कार्यक्रमले २०३० सम्ममा नेपालको मातृ मृत्यूदर ७० मा पुऱ्याउने भएको र नेपालको सहशताब्धि बिकास लक्ष्यलाई पुरा गर्न मद्त पुग्ने छ । |
| उदेश्य | संस्थागत सुत्केरी बृद्धी गराई मातृ मृत्यू नबशिशु मृत्यू तथा बिरामी हुने अबस्थामा कमी ल्याउनु ।<br>अल्ट्रासाउण्ड मेसिनद्धारा गर्भवती महिलाहरुको गर्भ परिक्षण गरी आमा तथा बच्चाको स्वास्थ्य स्थीती पत्ता लगाई उचित समयमा स्वास्थ्य संस्थामा प्रेषण गरी परिक्षण गरी मातृ मृत्यू नबशिशु मृत्यू तथा बिरामी हुने दरमा कमी ल्याउने समस्याहरुको पहिचान गरी स्वास्थ्य संस्था मार्फत माथील्लो निकायमा प्रेषण गर्ने । |
| अपेक्षित प्रतिफल | महाकुलुङ गाउँपाकिा भरीका गर्भवती महिला तथा सुत्केरी महिलाहरु तथा नबजातशिशुहरुलाई समयमा नै प्रेषण गरी आमा तथा नबजात शिशुको मृत्यूमा कमी ल्याउन । |
| कार्यान्वयन गर्ने निकाय | महाकुलुङ गाउँपाकिा भरीका अस्पताल तथा २४ घन्टे प्रशुती सेवा केन्द्रहरु तथा नबजात शिशुको लागी भने स्वास्थ्य सस्थाले महाकुलुङमा रहेको अस्पतालमा प्रेषण गर्नु पर्ने छ र उक्त अस्पतालमा उपचार सम्भब नभएमा मात्र रेफर बापतको रकम दिइने छ । |
| सञ्चालन प्रकृया | मातृ तथा नबशिशु स्याहार कार्यक्रम संचालन तथा सुत्केरी लक्षित कार्यक्रम संचालन गर्ने गाउँ पालिका उत्प्रेरणा खर्च कार्यक्रम साथै जटीलता भएका प्रशुती तथा २८ दिन भित्रका नबजात शिशुहरुलाई रेफर कार्यक्रम २०७४ बमोजिम खर्च हुने छ ।<br>गर्भवती तथा प्रसुती सेवा निःशुल्क गराउने ।<br>गर्भवती तथा प्रशुती सेवा लिन आए वापत यातायात खर्च उपलब्ध गराउने ,प्रोटोकल अनुसार कम्तीमा ४ पटक गर्भवती जाँच गराउने (४,६,८र ९ महिना ) गर्भवती महिलाको ग्रामिण अल्ट्रासाउण्ड सेवा स्वास्थ्य संस्थामा गराउने । स्वास्थ्य संस्थामा प्रशुती हुने सुत्केरी आमाहरुलाई नेपाल सरकारले प्रदान गर्दै आएको रु ३००० मा थप सेवा दिदै सुत्केरी आमालाई पोषण आहार भत्ता बापत रु २००० दिइने छ ।<br>गर्भवती प्रोत्साहन तथा उत्प्रेरण वापत नेपाल सरकारबाट दिइने छ माथि उल्लेखीत रकम प्राप्त गर्न निम्न बमोजिमका कागजात संलग्न हुनु पर्ने छ सो अनुसारको कागजात प्राप्त हुन नआएमा सम्बन्धित ब्यक्ती तथा स्वास्थ्य सस्थालाई रकम भुक्तानी गर्न बाध्य हुने छैन ।<br><br>तपशिलका कागजात<br>नोट नेपाल सरकारको हकमा भने मार्गदर्शन अनुसार हुने छ ।<br><br>१.सम्बन्धित सुत्केरीको नागरिकताको प्रमाण पत्रको प्रतिलिपी वा सुत्केरीको ना.प्र. नभएमा निजको जन्म दर्ताको प्रतिलिपी १<br>२. ४ पटक गर्भ जाँच अनिबार्य गरेको कागजात प्रतिलिपी<br>३ क्याल्सीयम तथा साबुन बुझीलिएको भरपाईको प्रतिलिपी<br>४.सुत्केरीले महाकुलुङ गाउँपालिकाको कुन स्वास्थ्य सस्थाबाट सेवा तथा सुबिधा लिए बापत रकम बुझीलिएको भरपाईको सकल प्रतिलीपी<br>५. महाकुलुङ गाउँपालिका भन्दा अन्यन्त्र गई जटीलताको उपचार गर्नु पर्ने भएमा उक्त अस्पताल तथा बर्थिङ सेन्टरबाट रेफर गर्नु परेमा अनिबार्य वडा अध्यक्षको तथा स्वास्थ्य सस्थाको सिफारिस रिफरल |

| | |
|---|---|
| | गर्दाको कागजात अनिबार्य हुनु पर्ने छ । |
| आर्थिक बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने । |

**८ क्यात्सियम तथा साबुन बितरण ब्यबस्थापन कार्यक्रम २०७४**

| | |
|---|---|
| परिचय | यसै महाकुलुङ गाउँपालिकामा प्रत्येक बर्ष प्रशब तथा सुत्केरी हने बेलामा बच्चा जन्माउन नसकेर या सुत्केरी पछी अत्याधिक रक्तस्राब भएर आमाहरुको मृत्यू यस महाकुलुङ भित्र रहेको छ ।यसरी मृत्य ूहुनु यस पाकिाको स्वास्थ्यमा एक नकारात्मक असर हो । हरेक आमाहरुका इच्छाहरु बाँच्ने नै हुन्छ । तर यहाँ सोलुखुम्बु जिल्ला भित्रकै सबै भन्दा बढी मातृ मृत्यू तथा नबजात मृत्यू भएको डाटाबाट देखीन्छ । यसलाई रोक्नका लागी महाकुलुङ गाउँपालिकाले रकम बिनियोजन गरेको छ ।अकालमा मृत्यू हुनु वा सुत्केरी पश्चात धेरै रगत बग्नु क्याल्सियमको कमीका कारण पनि हुन सक्ने सम्भाबित कारणले गर्दा यस गाउँ पालिकाले यो कार्यक्रमको सुरुवात बिगत बर्षबाट नै गरीएको हुदा यस बर्ष पनि उत्त कार्यक्रमलाई निरन्तरता दिएको छ । |
| उदेश्य | महाकुलुङ गाउँपालिका अन्तरगतका जनप्रतिनिधिहरु,स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्यकर्मीहरु महिला स्वाथ्य स्यम सेबिका ,आमा समुह,शिक्षक,सामाजिक अगुवाहरु ,सरकारी तथा गैर सरकारी संघ सस्था आदीलाई मातृ शिशु तथा नबजात मृत्यू बारेमा जानकारी गराउने ।<br>मातृ पोषण तथा नबशिशु पोषण स्वास्थ्यका बारेमा उत्तरदायित्व अभिबृद्धि गराउने<br>मातृ मृत्यू तथा पेरिनेटल मृत्यू सम्बन्धि तथ्याङ्कमा सुधार ल्याउने ।<br>ब्यवहारमा परिबर्तन गर्न प्रोत्साहित गर्ने ।<br>स्वास्थ्य सस्थाको सेवा गुणस्तरीय बनाइ सबै जन्ताहरुको घर दैलो सम्म पर्ुयाउने<br>५ बर्ष भित्रमा घरमा हुने सुत्केरीहरुको १०० प्रतिशत स्वास्थ्य सस्थामा नै सुत्केरी गराउने |
| अपेक्षित प्रतिफल | स्वास्थ्य संस्थाको सेवाबारे जानकारी हुने ।<br>स्वास्थ्य सस्थामा नै सुत्केरी,गर्भवति जाँचका बारेमा जानकारी प्राप्त भई स्वास्थ्य सस्थामा नै सुत्केरी गराउन आउने छन् ।<br>नबशिशु स्याहार बारे ज्ञान हासील गर्ने छन् । |
| कार्यान्वयन गर्ने निकाय | महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा |
| सञ्चालन प्रकृया | अनुसुची छपाई<br><br>मातृ षोषण कार्यक्रम अन्र्तगत क्याल्सियम टेब्लेट तथा सरसफाईका लागी नुवाउने साबुन खरिद तथा बितरण गरीने छ ।<br><br>गर्भवती भएको चौथो महिना बाट सुरु गरी सुत्केरी भएको ४५ दिन सम्म दिइनेछ ।<br><br>नुहाउने साबुन लागी चौथो महिनामा १ ,छैटौ महिनामा १ ,आठौ महिनामा १ र नबौ महिनामा १ |
| आर्थिक बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने । |

**९.कार्यक्रमको नामः ओ.पि.डी. टिकट छपाई तथा ओ.पि.डी.टिकट बापतको अनुदान**

| | |
|---|---|
| उद्देश्य | □ आम जनमानसमा निशुल्क स्वास्थ्य सेवाको प्रत्याभूत दिलाई सेवाको पहूँच र उपभोगमा वृद्धी गराउन<br>□ दर्ता शुल्क नभएकै कारण स्वास्थ्यमा सेवाबबाट बन्चित हुने अवस्थाको अन्त गर्न ।<br>□ कार्यालयको दैनिक क्रियाकलापलाई प्रभावकारी बनाउन । |
| कार्यक्रम सञ्चालन/रकम कार्यान्वन प्रक्रिया | □ स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, आधारभुत स्वास्थ्य सेवा केन्द्र आम नागरिकको उपचार वापत कुनै पनि दर्ता दर्ता सेवा शुल्क लिन पाईने छैन । सवै स्वास्थ्य संस्थाहरूले नयाँ तथा पूराना बिरामीहरू छुट्याई अभिलेख राख्ने व्यवस्था मिलाउनु पर्नेछ।<br>□ दर्ता शुल्क वापत प्राप्त रकम स्वास्थ्य सेवा कार्ड (HMIS 1.2) सम्वन्धित गाउँ पालिकाले १ बर्षलाई प्रर्याप्त हुने गरी छपाई गरी सम्वन्धित संस्थामा पठाउनु पर्नेछ। छपाई हुन बाकि रकम स्वास्थ्य संस्थालाई अनुदानका रूपमा पठाउने व्यवस्था मिलाएको छ। सम्वन्धित पालिकाले मातहतका स्वास्थ्य संस्थाहरूको विगतका बर्षहरूको बिरामीको चाप तथा प्रक्षेपीत जनसंख्यालाई आधार मानी बियोजित बजेटको परिधी भित्र रही बजेटको बाँडफाँड गरिनु पर्ने छ।<br>□ स्वास्थ्य संस्थाहरूको लागि बाँडफार्ड गरिने रकम सम्बन्धित स्वास्थ्य संस्थाको खातामा एकमुटि जम्मा गरी जानकारी गराउनु पर्नेछ। यसरी पठाइएको बजेट स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको निर्ययानुसार स्वास्थ्य संस्थाहरूले निम्नानुसार कार्यमा खर्च गर्नु पर्नेछः<br>१. विद्युत तथा संचारमा टेलिफोन महशुल भुक्तानी दिन सकिने छ ।<br>२. स्वास्थ्य संस्थाको सरसफाई सम्बन्धि कार्यमा खर्च गर्न ।<br>३. लक्षित बर्गको सेवा पहूँच र उपभोग वृद्धी गराउनका लागि सामाजिक परिचालन क्रियाकलाप संञ्चालन गर्न।<br>४. लेखा परिक्षण शुल्कमा खर्च गर्नु पर्ने छ ।<br>५ स्टेशनरी तथा अन्य प्रशासनिक खर्च गर्न सकिने छ ।<br>६ भ्रमण खर्चमा यस शर्षकको रकम खर्च गर्न पाइने छैन । |
| बजेट बाड फाड | फर्म तथा छपाइ खर्च २२०००० पालिकाले खर्च गर्ने छ भने क्रमश स्वास्थ्य चौकी गुदेल , स्वास्थ्य चौकी छेस्काम , २३०००।—आधारभुत स्वस्थ्य सेवा केन्द्र पेल्माङ आधारभुत स्वस्थ्य सेवा केन्द्र तुमाउ १२०००।– र खिरौले सामुदायिक इकाई १००००।— |
| अभिलेख/प्रतिवेदन | □ बिरामीको अभिलेख HMIS फारम अनुसार हुनु पर्नेछ ।<br>□ दर्ता शुल्क वा सेवा वापत अनुदानको रूपमा जम्मा हुन आएको आम्दानी रकमलाई व्यबस्थित गर्न स्वास्थ्य संस्था व्यवस्थापन समितिको खाता खोली जम्मा गर्नु पनेछ। साथै आम्दानी खर्चको दायित्ब छुटै राख्नु पर्ने छ।<br>□ कोषको लेखा राख्ने र लेखा परिक्षण गर्ने कार्य स्वास्थ्य संस्था व्यवस्थापन समितिको निर्णयमा नेपाल सरकारको प्रचलित ऐन, नियम अनुसार गर्नु पर्नेछ । |

**१०. कार्यक्रमको नामः  उत्कृस्ट कर्मचारी स्वास्थ्य सस्था तथा महिला स्वास्थ्य स्वय सेबिका प्रोत्साहन तथा पुरस्कार**

| | |
|---|---|
| परिचय | यो कार्यक्रम महाकुलुङ गाउँपालिकाको आ ब २०७८/०७९ को गाउँ पालिकाको गाउँसभाबाट बिनियोजित समानिकरण बजेटबाट यस आ.ब. मा संचालनमा ल्याइएको कार्यक्रम हो । |
| कार्यक्रमको उदेश्य | स्वास्थ्य सस्था र स्वास्थ्य सस्थामा कार्यरत स्वास्थ्य कर्मिको मनोबल उच्च राख्न । पालिकामा कार्यरत महिला स्वास्थ्य सवयम सेबिकाहरुको मनोबल उच्च राख्न । सस्थाको काममा बाधा हुन नदिन र कामकजमा प्रेरीत गर्न । अफनत्वको बिकास गर्न । |
| अपे*क्षित प्रतिफल* | स्वास्थ्य सस्थाको प्रगतीमा बृद्धि हने ।समयमा नै उपचार पाई स्वस्थ नागरीक हुन मद्दत हुने । मृत्यू दरमा कमी आउने। बिपदको समयमा हुने बिभिन्न घटनाहरुको समयमा नै ब्यबस्थापन । नागरीक जनप्रतिनिधि कर्मचारीहरुको बिचमा सु-मधुर सम्बन्ध कायम हुने । |
| संचालन प्रक्रीया | उत्कृस्ट कर्मचारी स्वास्थ्य सस्था तथा महिला स्वास्थ्य स्वय सेबिका प्रोत्साहन तथा पुरस्कार संचालन कायबिधि तथा निर्देशिका २०७९  बमोजिम कार्यक्रम संचालन गरिने छ । |
| बजेट बाडफाँड | उत्कृस्ट कर्मचारी स्वास्थ्य सस्था तथा महिला स्वास्थ्य स्वय सेबिका प्रोत्साहन तथा पुरस्कार संचालन कायबिधि तथा निर्देशिका २०७९  बमोजिम कार्यक्रम संचालन गरिने प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि  किसिमले गर्नु पर्ने ।जसका लागी बजेट रु ३०००० तिस हजार रहेको छ । |

**११.कार्यक्रमको नामः सवारी साधन मर्मत तथा ईन्धन खर्च**

| | |
|---|---|
| परिचय | यो स्थानिय सरकार को अ ब २०७८/०७९ को समानिकरण बजेटबाट तयार गरिएको कार्यकम हो  सवारी साधनको उचित मर्मत संहार भएन भने आयू कम भएर उपयूक्त समयमा सेवा दिन नसकीने अबश्थामा आउन नदिन  अथवा त्यसको आयू लम्ब्याउन नियमित रुपमा मर्मत संहार हुन अत्याबश्यक हुन्छ |
| कार्यक्रमको उदेश्य | सवारी साधनलाई नियमीत गर्नु हो । नियमित सुपरिबेक्षण तथा अनुगमन गर्न  ।सवारी साधनको आयू लम्याउन र खर्च   घटाउनु । |
| अपेक्षित प्रतिफल | समय समयमा भएको सवारी साधनको मर्मत र आबश्यक परेको अबस्थामा इन्धनको ब्यबस्था हुन सकेमा कार्यक्रमहरु समयमा सम्पन्न हुने छ ।अनुगमन तथा सुपरिबेक्षणमा सहज र पटक फटक हुने हुनाले कर्मचारी तथा सेवाको गुणस्तरमा प्रभाबकारी हुने । |
| संचालन प्रक्रीया | १ चौमासीकमा अनिबार्य कम्तीमा २ पटक गर्नु पर्नेछ ।इन्धनको हकमा ७ लिटर प्रति महिना  का दरले खर्च हुनेछ ।सोको खर्च यसै शिर्षकबाट हुनेछ ।लक बुक भरी खर्च गर्नु पर्नेछ साथै मर्मतका लागी मर्मत कार्य गर्नु पुर्ब कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ । |
| बजेट बाडफाँड | आ ब २०७८।२०७९ मा स्थानिय सरकारको समानिकरण बजेटबाट यो कार्यकम संचालन गरीने छ ।जसका लागी बजेट रु ६०००० साठी हजार बिनियोजन गरीएको छ । |

## १२. कार्यक्रमको नामः स्वास्थ्य शिबिर औषधि सहीत संचालन गर्ने कार्यक्रम

| | |
|---|---|
| परिचय | देश संघीयतामा गइसकेको अवस्था छ । देशमा संघीय सरकार, प्रदेश सरकार र स्थानिय सरकार गरी तीन तहको सरकार रहेको अवस्था छ । २०७२ सालको संविधान अनुसार आधारभूत स्वास्थ्य सेवामा मौलिक हकको व्यवस्था गरिको छ । स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत स्वास्थ्य सेवा स्थानिय सरकार मातहत आएको छ । आजको समयमा आधारभूत स्वास्थ्य सेवा संगै गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु स्थानिय सरकार तथा संघिय सरकारको दायित्व हो ।<br>जेष्ठ नागारिक ,असाहय अपाङग र गरिव जनता आर्थिक अभावको कारण समयमा नै अस्पताल गइ स्वास्थ्य परीक्षण गराउन नसकि पिडित भएका जनतालाई मध्य नजर गरी स्वास्थ्य संस्था वा अस्पतालमा ५ दिन चिकित्सक सहित सेवा कार्यक्रम निम्न उद्धेश्यका साथ सन्चालन गरिने छ । |
| कार्यक्रमको उदेश्य | १. जेष्ठ नागारिक ,असाहय अपाङग र गरिव जनता साथै गर्भवती महिलालाइ भिडियो एक्सरे र प्रयोगशाला सेवा सहित गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने २. चिकित्सकिय स्वास्थ्य सेवा उपलब्ध गरी समुदायमा लुकेर बसेका रोगबाट पिडित ब्यक्तीहरुको उपचारमा सहयोग गर्न । |
| अपे*क्षित प्रतिफल* | जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सरकारको दायित्व हो । जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध हुने ।<br>१. मातृ तथा नवजात शिशू मृत्युदरमा कमी आउने छ ।<br>२. अपाङग अशक्त , विपन्न वर्ग र जेष्ठ नागरिकले स्वास्थ्य चौकीमा नै चिकित्सकद्धारा गुणस्तरीय सेवा पाउने छन् ३. स्वास्थ्य चौकीमा नपाइने सेवाहरु सामुदायिक स्तरबाट नै चिकित्सकको माध्यमबाट उपलब्ध हुने ।<br>५. गर्भवती महिलाहरु अस्पताल गई जाँच गर्नु पर्ने सेवाहरु स्वास्थ्य चौकीमा नै उपलब्ध हुनेछ ।<br>६. समग्र जनताको स्वास्थ्य अवस्थामा सुधार आउने छ । |
| संचालन प्रक्रीया | यो कार्यक्रम संचालनका लागी बढीमा १ जना बिशेषज्ञ डाक्टर, मेडिकल अफिसर तथा नर्सहरुद्धारा १ दिन सम्म स्वास्थ्य शिबिर संचालन गरी महिला तथा अन्य रोगहरु जस्तै हड्डि स्त्रीरोग आँखा तथा दन्त रोगको उपचार गरीने छ यसमा सबैलाई समेट्ने गरी सके सम्म मुटु रोग बिशेषज्ञ समेत ल्याउन पहल गरीने छ । सो कार्यक्रम संचालनका लागी बजेट रु ४००००० को परीधी भित्र रही कार्यक्रमका सम्पन्न गर्नका लागी बिनियोजन गरेको रकम मध्ये आर्थिक कार्यबिधि अनुसार भ्रमण खर्च उपलब्ध गराउने ,गाडी भाडा ,खाजा ,खाना ,औषधि तथा अन्य सामाग्री खरिद कार्यमा समेत यस बजेटबाट खर्च गरी कार्यक्रम सम्पन्न गरीने छ । स्थानिय स्वास्थ्य सस्थामा कार्यरत कर्मचारीलाई स्थानिय भत्ता दैनिक रु ७००।का दरले कर कट्टा गरी भुक्तानी गरीने छ ।सहयोगी कर्मचारीलाई भने सरसफाई बापत रु ३०० दरले दैनिक कर कट्टी नगरी उपलब्ध गराईने छ ।स्थानीय स्वास्थ्य कर्मीहरुलाई सहयोगीको रुपमा परीचालन गरीने छ ।स्वास्थ्य शिबिर संचालनका लागी कार्यबिधि बनाई संचालन गरीनेछ । |
| बजेट बाडफाँड | आ ब २०७८ तथा २०७९ मा स्थानिय सरकारको समानिकरण बजेटबाट यो कार्यकम संचालन गरीने छ । |

## १३. स्थानीय निकाय अन्तर्रगतको प्राथमिक अस्पतालहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम संचालन सुद्धिकरण अनुदान सचालन र

परिचयः— स्थानिय तह अन्तरगतको प्राथमिक अस्पतालको न्यूनतम सेवा मापदण्ड कार्याक्रम संचालन गरी आबश्यकता अनुसार सुद्धिरिकरण गर्ने ।

उदेश्यः— सस्थाको सेवामा गुणस्तर सुधार गर्ने न्यूनतम सेवा मापदण्ड सुरु गर्ने ।

अपेक्षा/प्रतिफलः— स्वास्थ्य सस्थाको सेवाको प्रभाबकारीतामा बृद्धि हुने ।

कार्यान्वयन गर्ने निकायः— स्थानिय तह अन्तरगतका सुचिकृत प्राथमिक अस्पतालमा

संचालन प्रक्रियाः— न्यूनतम सेवा मापदण्डको बर्षमा दुई पटक फलोअप गर्ने । अस्पताल सेवा सुधारका लागी आबश्यक पर्ने मर्मत सम्भार रंग रोगन पार्टेशन आन्तरीक ब्यबस्थापन चुस्त पार्न सुचना प्रबिधिको सुधार लगायतका बिषयमा खर्च गर्ने । पालिका संग समन्वय गरी कार्यक्रम संचालन गरनु परनेछ ।र सोको प्रगती प्रतिबेदन कार्यक्रम सम्पन्न भए पश्चात ३ दिन भित्रमा पठाउनु पर्नेछ ।बिनियोजन बजेट रु ८०००००।—

| सी न | कार्यक्रम | खर्च प्रतिशत | कार्यक्रम संचालन बिधि |
|---|---|---|---|
| १ | न्यूनतम सेवा मापदण्डको बर्षमा २ पटक फलोअप गर्ने | ५ | ६ । ६ महिनाको अन्तरालमा बर्षमा दुई पटक न्यूनतम सेवा मापदण्डको फलोअप गर्ने । रु ४००००।— बिनियोजन गरीएको छ । पालिकासंग समन्वय गरी संचालन गर्नु पर्नेछ । |
| २ | अस्पतालमा Continues Medical Education कार्यक्रम संचालन | २ | अस्पतालमा कार्यरत प्राबिधिक कर्मचारीहरुलाई परिमार्जित वा संसोधन भएका निति, निर्देशिका तथा गाइटलाइनहरुको बारेमा जानकारी दिने तथा ज्ञान शिपको बारेमा अध्याबधिक गराउने ।<br>प्रत्येक हप्ता कक्षा संचालनका लागी समय तालिका तयार गर्ने तथा निश्चित स्थान तथा दिन तोकी सबैलाई सहभागी गराउने र कक्षा संचालनका लागी अस्पतालका बरिष्ट कर्मचारीहरुलाई संलग्न गराउने भुमिका मेडीकल सुपरिटेन्डेन्टले गर्नु पर्दछ ।<br>समय डेढ देखी २ घण्टा सम्म हुनेछ ।<br>सहभागीहरुलाई चिया खाजाको ब्यबस्था र आबश्यक सन्धर्ब पुस्तक तथा शैक्षिक सामाग्रीहरुको जोहो गर्ने ।<br>CME संचालनका लागी छुट्टै माइनट खडा गर्नु पर्ने हुन्छ ।<br>CME संचालन भएका दिनमा समय मिलेमा अस्पतालको न्यूनतम सेवा मापदण्डहरुको बारेमा समेत छलफल गर्न सकिनेछ । १६०००।— |
| ३ | अस्पताल तथा अस्पताल परिसरको सरसफाईका लागी ज्याला | ७ | कुनै ज्यालादारीमा काम गर्न इच्छुक ब्यत्तिलाई बोलाएर आम्शिक रुपमा ज्यालादारीमा यस शिर्षकमा राखीएको रकमबाट प्रति हप्ता २ जना सम्म महिनामा बढिमा १० दिन सम्म डोर हाजिरीमा आबश्यक पर्ने र देखीएका कार्य गर्न सकिनेछ ।<br>अस्पताल र अस्पताल परिसरमा गरीने कार्य एकिन गरी ब्यत्ति काममा लागे नलागेको कुरा यकिन गर्न निजको डोर हाजिरी अध्याबधिक गर्ने |

| | | | |
|---|---|---|---|
| | | | जिम्मेवारी अस्पताल नर्सीङ इन्चार्जको हुनेछ ।<br>आबश्यक परेमा नर्सिङ इन्चार्जले सहयोगीको रुपमा स्टोर किपरको सहयोग लिन सक्नेछ ।<br>नर्सिङ इन्चार्ज मार्फत सरसफाई भए नभएको अनुगमन सुनिश्चत गर्ने कार्य मेडीकल सुपरीटेण्डले गर्नु पर्ने छ ।<br>बिनियोजित रकम प्रचलित आर्थिक प्रशासन सम्बन्धि एन नियम बमोजिम खर्च गर्नु पर्नेछ । रु ५६०००।— बिनियोजन गरीएको छ । |
| ४ | भौतिक संरचनाको मर्मत सुधार | २५ | यस क्रियाकलाप अन्तरगत बढी संचालन हुने कक्षहरुलाई पहिलो प्राथमिकतामा राखी कार्य गर्नु पर्नेछ ।<br>अस्पताल भबन मर्मत, अस्पतालमा अर्थिन जडान तथा परिसर रंग रोगन गर्न सकिनेछ । जसका लागी रु २०००००।— रकम बिनियोजन गरीएको छ । अस्पताल समिति निर्णयनुसार गर्नु हुन । |
| ५ | अस्पताल जन्य फोहरमैला ब्यबस्थापन तथा संक्रमण रोकथाम | ६ | प्रत्येक अस्पताललले स्वास्थ्य सस्था जन्य फोहरमैला ब्यबस्थापन समिति गठन गर्नु पर्नेछ ।<br>अस्पताल भित्र फोहरमैला ब्बस्थापनका लागी छुटाएको रकमलाई १०० प्रतिशत मानी १० प्रतिशत सम्म स्वास्थ्य जन्य फोहरमैला ब्यबस्थापन समितिको नियमित बैठकको लागी खर्च गर्न सकिनेछ ।बाकी ९० प्रतिशत बजेट फोहरमैला ब्यबस्थापनका लागी खर्च गर्न सकिनेछ ।<br>यस शिर्षकमा छुटाएको बजेट अन्य शिर्षकमा खर्च गर्न पाइने छैन ।<br>जसका लागी रु ४८०००।—रकम बिनियोजन गरीएको छ । अनुसुची १ मा उल्लेख भएका समानहरु खरिद गर्न सकिनेछ । |
| ६ | अस्पतालका लागी अत्याबश्यक बिद्धुत खानेपानी तथा ढल निकास ब्यबस्थापन | १५ | पानी आपुर्ति सरसफाई अस्पताल जन्य लुगाफाटाको सरसफाइ टचाङकी खरीद, वासिङ मेसीन आबश्कता अनुसार जडान कार्यमा गर्न खर्च गर्न सकिने छ ।वासिङ मेसीन अनिबार्य खरिद गर्ने र बाकी रकमले अस्पतालको नियमित बिद्धुत आपुर्तिको ब्यबस्थापन गर्नु पर्नेछ । जसका लागी रु १२००००।— रकम बिनियोजन गरीएको छ । अस्पताल समिति निर्णयनुसार गर्नु हुन । |
| ७ | क्लिनिकल सेवा बिस्तार औजार उपकरण खरीद | १० | खरिद गर्नु भन्दा अगाडी औजार उपकरणहरुको मौज्दात सुची तयार गरी चालु हालतमा रहे नरहेको हेरी संचालनमा नआउने भएमा मात्र प्रतिस्थापन वा औजार उपकरणहरु नै नभएमा नयाँ खरीद गर्न सकीनेछ ।<br>अस्पतालले खरिद गर्ने औजार उपकरणहरुको सुची न्यूनतम सेवा मापदण्डको अनुसुचीमा उल्लेख भए बमोजिम मात्र हुनु पर्नेछ ।<br>साथै खरिद गरीने औजार उपकरणहरु आपुर्ति ब्यबस्था माहाशाखाले निर्धारण गरेको specification मा उपलब्धछ । बमोजिम खरीद गर्नु पर्नेछ । रु ८००००।—रकम बिनियोजन गरीएको छ । अनुसुची ३ मा उल्लेख भएका समानहरु खरिद गर्न सकिनेछ । |
| ८ | अस्पताल फार्मेसी ब्यबस्थापन संचालन तथा सुढिढिकरण | २० | नेपाल सरकार स्वास्थ्य तथा जन संख्या मंत्रालय दुवारा जारी अस्पताल फार्मेसी निर्देशीका २०७२ ले निर्दिष्ट गरे बमोजिम अस्पतालहरुले बिरामी तथा सेवा ग्राहीहरुलाई गुणस्तरीय फार्मेसी सेवा प्रबाह एंबम संचालन गर्नु |

| | | | |
|---|---|---|---|
| | | | पर्ने छ अस्पतालको फार्मेसीमा न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards ) को<br>अनुसुचीमा उल्लेख भए बमोजिमका औषधि र औषधि जन्य सामाग्रीहरु नियमित उपलब्ध गराउने सुनिश्चतता गर्नु पर्ने छ । औषधि ( Life Saving ) रु १६००००।—रकम बिनियोजन गरीएको छ ।<br>अनुसुची २ मा उल्लेख भएका समानहरु खरिद गर्न सकिनेछ । |
| ९ | अस्पतालको स्वास्थ्य ब्यबस्थापन सुचना प्रणाली सुढिढ्किरण | ३ | असपतालबाट उपलब्ध भएका सेवा सुबिधाहरुको सही तरीकाले रेकर्ड तथा रिर्पोटीङ गरी अस्पतालको सेवा प्रवाहको बारेमा जनमानसमा सुचना प्रवाह गर्नु पर्दछ ।<br>यस शिर्षकबाट सुचना ब्यबस्थीत गर्नका लागी मेडीकल रेकर्ड शाखामा आबश्यक बिभिन्न कार्ड स्लिप रजिस्टर पेपर कम्प्यूटर प्रिन्टर यू पि एस स्क्यानर इन्टरनेट आदी जडान तथा संचालन गर्न सकिनेछ ।<br>अस्पतालले अनिबार्य रुपमा अनलाइन डाटा ईन्टी गर्नु पर्नेछ ।यस शिर्षकमा रकम खर्च गर्दा संचालन समितिको निर्णय पछी मात्र प्रचलित आर्थिक प्रशासन सम्बन्धि एन नियम बमोजिम खर्च गर्नु पर्नेछ । रु २४०००।— रकम बिनियोजन गरीएको छ । |
| १० | बिरामीहरुका लागी अन्य सेवा सुबिधाहरु सुढिढ्किरण | ७ | अस्पतालले अन्य सेवा सुबिधाहरु सुढिढ्किरण तथा आकस्मिक सेवा संचालनका लागी सामाग्रीहरु नियमित खानेपानी ब्यबस्था लगायत तन्ना तकीया सिरक कमल तकियाको खोल आकस्मिक कक्षको लागी पर्दा बेड सिट पर्दा पर्याप्त उज्यालोको लागी बत्तिहरु अस्पताल परीसरमा खम्वा (pole) सहितको सोलार बत्ति आदी कार्यका लागी रकम खर्च गरन सकिने छ ।रू ५६०००।— रकम बिनियोजन गरीएको छ। |

**१४= कार्यक्रमको नामः– अस्पतालका लागी मसलन्द तथा कार्यालय सामाग्री खरिद मात्र**

| | |
|---|---|
| परिचय | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्था (स्वास्थ्य चौकी तथा अस्पतालहरु सेवा केन्द्र तथा ईकाइ हरुको प्रशासनीक खर्च समेतको लागी यो कार्यक्रम राखिएको हो । |
| उद्देश्य | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थामा समयमै आबश्यक पर्ने स्टेशनरी तथा अन्य सामाग्री खरिद गरी कार्य सम्पादनमा सहयोग पुयायउने ।<br>अस्पतालको सेवालाई छिटो र छरीतो बनाउन । |
| अपेक्षित प्रतिफल | स्थानीय तहहरूमा रहेका स्वास्थ्य संस्थाहरुमा समयमै सामाग्रीहरुको आपुर्ति ब्यबस्था मिलाई कार्यालयको ब्यबस्थापनमा सहयोग हुने । |
| सञ्चालन प्रकृया | स्वास्थ्य शाखाले आफु मातहतका स्वास्थ्य सस्थाहरुमा प्रचिलत कानुन् बमोजिम सामाग्री खरिद गरी बितरण गर्नु पर्नेछ । सम्बन्धित खरीदकर्ताहरुले प्रचलित कानुन्को अधिनमा रही कार्यहरु समयमा वा तोकीएको चौमासीकमा गर्नु पर्नेछ । अस्पतालले कार्यक्रम संचालन गर्दा पुर्ब स्वीकृती कार्यक्रम संचालन गर्नु पर्नेछ ।खर्च गर्दा सार्बजनिक खरीद एन र नियमावलीहरुको पुर्ण पालना गर्नु पर्नेछ<br>अस्पतालमा कार्यारत स्वास्थ्य कर्मिहरुका लागी आवासमा समेत खर्च गर्न सकिनेछ आवास भाडामा लिनका लागी रु ८०००० असी हजार आवास खर्च र बाकी रकमले कार्यालयमा आबश्यक पर्ने |

| | |
|---|---|
| | मसलन्द तथा सामाग्री खरिद गरी कार्यक्रम संचालन गर्नु पर्ने छ । |
| बजेट बाँडफाँड | यस कार्यक्रम संचालन गर्नका लागी आ ब २०७८/०७९ मा अस्पतालका लागी रु २०००० दुई लाख रकम बिनियोजन गरीएको छ जसलाइ चौमासीक रुपमा छुटाई कार्यक्रम संचालन गरिने छ । अस्पतालमा कार्यारत स्वास्थ्य कर्मिहरुका लागी आवासमा समेत खर्च गर्न सकिनेछ आवास भाडामा लिनका लागी रु ८०००० असी हजार आवास खर्च र बाकी १२०००० एक लाख बिस हजार रकमले कार्यालयमा आबश्यक पर्ने मसलन्द तथा सामाग्री खरिद गरी कार्यक्रम संचालन गर्नु पर्ने छ । |

१५. कार्याक्रमको नामः– स्वस्थ्य शाखामा फर्निचर खरिद

| | |
|---|---|
| परिचय | कुनै पनि कार्यक्रमलाई सफलता पूर्वक सञ्चालन गर्नको लागि अवश्यक सस्थालाई आबश्यक पर्ने फर्निचर ,अन्य सामग्रीहरू अवश्यकता हुन्छ कार्यालयका भएका कागजात सुरक्षित गर्नु र सुरक्षित राखु कार्यालयको दायित्व भएको हुदाँ यस शिर्षक अन्तरगत बजेटको व्यवस्था गरिएको छ। |
| उदेश्य | १ औषधि भण्डारणमा सहजता ल्याउनु ।<br>२ कार्यालयका सामाग्रीहरुको सुरक्षा प्रदान गर्न ।<br>३ रिर्पोटीङ तथा रेकडिङलाई ब्यबस्थीत गरी सुरक्षा प्रदान गर्न । |
| अपेक्षित प्रतिफल | स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा फर्निचरको अभाब हुन नदिने । |
| संचालन गर्ने निकाय | स्थानिय निकाय अन्तरगतको स्वास्थ्य शाखा |
| संचालन बिधि | कार्य योजनाको संकलन गर्ने ।<br>• संकलित कार्य योजना अनुसार खरिद गर्नुपर्ने फर्निचर तथा सामाग्रीहर खरिद एवं मर्मत तथा व्यवस्थापकीय कार्यहरुको सुची तयार गर्ने ।<br>• आवश्यकता अनुसार फर्निचर सामग्रीको पुर्वानुमान तयार गर्ने ।<br>• उपलब्ध बजेटलाई समेत मनन गरी स्थानीय स्तरमा खरिद गर्नु पर्ने सामग्रीहरुको परिमाण सुनिश्चित गर्ने ।<br>• विस्तृत विवरण सहितको खरीद योजना तयार बनाउने ।<br>• खरिदको परिणाम हेरी नियमानुसार वोलपत्र आव्हान गर्ने वा गोप्य कोटेशन लिने ।<br>• नियमानुसार खरीद गर्ने फर्म यकीन गरी सम्झौता गर्ने र आवश्यक सामान खरीद गर्ने । |
| आर्थिक वाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने । रु १५००००।– |

१६. कार्याक्रमको नाम     अन्तिम लेखा परिक्षण शुल्क

| | |
|---|---|
| परिचय | अन्तिम लेखा परिक्षण शुल्क कार्यक्रमले स्वास्थ्य सस्थाहरुको आर्थिक तथा प्रशासनिक क्षेत्रमा सुधार हुने उदेश्य राखी यो शिर्षकमा बजेट बिनियोजन गरीएको छ । |
| उदेश्य | १ स्वास्थ्य सस्थाहरुको आर्थिक तथा प्रशासनिक क्षेत्रमा सुधार हुने<br>२ कार्यालयका सामाग्रीहरुको खरिद तथा प्रक्रियाका बारेमा ज्ञान हुने ।<br>३ कार्यालयका भौतिक सामानको गणना हुने र सोको अभिलेख रहने हुनाले सामाग्रीहरुको सुरक्षा हुने ।<br>४ खर्चमा हुने अन्यमितताको अन्त्य हुने ।<br>५ रिर्पोटीङ तथा रेकडिङलाई ब्यबस्थीत हुने ।<br>६ लेखा प्रणालीमा सुधार आउने । |
| अपेक्षित प्रतिफल | स्थानीय तह अन्तरगतका स्वास्थ्य संस्थाहरुमा अन्तिम लेखा परिक्षण गरी सोको आधारमा अगाढी बढ्न सकिने । |
| संचालन गर्ने निकाय | स्वास्थ्य सस्थाहरु |
| संचालन बिधि | पालिकामा लेखा परीक्षक नियूक्तिका लागी माग गर्ने ।<br>पालिकाले लेखा परिक्षक अनुमति दिएका लेखा परिक्षकबाट मात्र लेखा परीक्षक गराउने ।<br>लेखा परिक्षकको १ प्रति प्रतिबेदन पालिकामा बुझाए पश्चात लेखा परीक्षकको रकम भुक्तानि दिइनेछ । |
| आर्थिक बाँडफाँड | प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने । जसका लागी रु ५०००० पचास हजार रकम बिनियोजन गरीएकोछ । |

१७. कार्याक्रमको नाम स्वस्थ्य जनशत्तिलाई तालिम बिभिन्न सस्था तथा नेपाल सरकारसँग साझेदारी

| | |
|---|---|
| परिचय | यो स्थानिय सरकार को अ ब २०७८/०७९ को समानिकरण बजेटबाट स्वस्थ्य जनशत्तिलाई तालिम बिभिन्न सस्था तथा नेपाल सरकारसँग साझेदारी कार्यक्रम तयार गरिएको हो महाकुलुङ गाउँपालिका भरीका स्वास्थ्य कर्मीहरुलाई जागरुक गराई स्वास्थयमा भएका कमी कमजोरी हटाई परिबर्ततित समाजको निर्माणमा सहभागीता मुलक कार्य दिशा दिनु यो कार्यक्रमको परिचय हो |
| कार्यक्रमको उदेश्य | १.स्वास्थ्य कर्मीहरुलाई ३ दिने DHIS 2 सम्बन्धि तालिम संचालन गर्नु ।<br>२ .मासिक रुपमा रेकडीङ गरीएका अभिलेखहरुको प्रत्येक महिनाको ७ गते भित्र रिर्पोटिङ गर्न ।<br>३.हरेक स्वास्थ्यका कार्यक्रमको डाटाहरुको स्वास्थ्य सस्थाबाट नै बिश्लेशण गर्न सक्ने ।<br>४.आधारभुत स्वास्थ्य सेवाको पहुच छिटो छरितो तरीकाबाट पहिचान गर्न र परिचालन गर्न । |
| अपेक्षित प्रतिफल | समयमा नै कार्यक्रम सम्पन्न गर्न सहयोग मिल्ने छ<br>१.स्वास्थ्य कर्मीहरुलाई ३ दिने DHIS 2 सम्बन्धि तालिम संचालन गर्नु ।<br>२ .मासिक रुपमा रेकडीङ गरीएका अभिलेखहरुको प्रत्येक महिनाको ७ गते भित्र रिर्पोटिङ गर्न । |

| | |
|---|---|
| | ३.हरेक स्वास्थ्यका कार्यक्रमको डाटाहरुको स्वास्थ्य सस्थाबाट नै बिश्लेशण गर्न सक्ने ।<br>४.आधारभुत स्वास्थ्य सेवाको पहुच छिटो छरितो तरीकाबाट पहिचान गर्न र परिचालन गर्न । |
| संचालन प्रक्रिया | स्वास्थ्य कर्मीहरुलाई DHIS2 सम्बन्धि ३ दिने कार्यक्रम संचालन गरिने छ स्वास्थ्य कर्मीहरुलाई DHIS2 सम्बन्धि ३ दिने तालिम) स्वास्थ्य कर्मिहरुका लागी प्रदेश सरकारसंग समन्वय गरी पालिकामा नै हुनेछ। जसका लागी बजेट ब्यबस्थापन पालिकाको हुनेछ ।सहभागी संख्या बजेटको परिधिभित्र रही निर्धारण गरीनेछ । |
| बजेट वाड फाँड | आ ब २०७८।२०७९ मा स्थानिय सरकारको समानिकरण बजेटबाट यो कार्यकम संचालन गरीने छ । |

| सि न | कार्यकमको बिबरण | कार्यक्रम सख्या | दिन | जम्मा |
|---|---|---|---|---|
| १ | DHIS 2 वा eLMIS सम्बन्धि तालिम | १ | ३ | १०००००।— |
| | जम्मा | | | १००००० |

## १८. कार्याक्रमको नामः– करार सेवा शुल्क

| | |
|---|---|
| परिचय | नेपाल सरकार उपप्रधानमन्त्री स्तरिय मिति २०७५।११।०८ गते बसेको बैठकको निर्णयअनुसार बुङ स्वास्थ्य चौकीलाई स्तरोन्ती गरी १५ शैयाको प्राथमीक अस्पतालमा सुचीकृत भएको र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी कार्यबिधि अनुसार १ वडा १ स्वास्थ्य सस्था भन्ने अबधारणा ५ शैयाको कोभिड अस्पताल संचालन तथा ब्यबस्थापनका लागी नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन २०७४ स्थानिय तहले आम नागरीकलाई सर्बसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने जिम्मेवारी बहन गर्न लागी सरकारी स्तरबाट स्थापना हुने स्वास्थ्य सस्था बिस्तार स्तरबृद्धि स्वास्थ्य सस्था संचालन अनुमतिका लागी **स्वास्थ्य र सरसफाई ऐन २०७५** गाउँ सभाबाट स्वीकृत र सोही ऐन अनुसार **स्थानीय तहमा स्वास्थ्य सस्था दर्ता अनुमति तथा नबिकरण सम्बन्धि निर्देशीका २०७६** गाउँ कार्यपालिका हुदै गाउँ सभाबाट पारित गरी स्थानीय राजपत्रमा समेत प्रकासन भएको हुदाँ सोही ऐन र निर्देशीकाका आधारमा महाकुलुङ गाउँ पालिका आब२०७८।०७९मा करार शुल्क संम्बन्धि ब्यबस्था गरेकोछ । |
| उदेश्य | बुङ स्वास्थ्य चौकीलाई स्तरोन्नती गरी १५ शैयाको प्राथमीक अस्पताल सुचीकृत भएको अस्पताललाई नियमित संचालन गर्नका लागी ।<br>बिगत देखी दर्ता भई संचालनमा रहेका आधारभुत स्वास्थ्य सेवा केन्द्रहरु तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई नियमित र निरन्तरता गर्नु ।<br>नेपाल सरकारको निति तथा कार्यक्रमहरुलाई निरन्तरता दिनका लागी ।<br>कोभिड १९ रोकथाम तथा नियन्त्रमामा सहयोग पुर्याउनका लागी ।<br>समुदायमा स्वास्थ्यको गुणस्तर सेवा तथा बिशेषज्ञ सेवा दिनका लागी । |
| अपेक्षित प्रतिफल | महाकुलुङ गाउँपाकि भरीका स्वास्थ्य सस्थाहरु तथा अस्पतालमा बर्षै भरी र २४ सै घण्टा सेवा उपलबधता हुने । |
| कार्यान्वयन गर्ने | महाकुलुङ गाउँपालिकाको कार्यालय |

| निकाय | |
|---|---|
| सञ्चालन प्रकृया | **सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार** सेवा करारमा नियूक्ति गर्ने ।करार सेवा अनुसार TOR बनाई मेडीकल अफीसर स्टाफ नर्स अनमी अहेब एचए फार्मेसी रेडीयोग्राफर कार्यालय सहयोगी ल्याब टेक्निसीयन तथा ल्याब असीस्टेन्ड आदी आबश्यक प्राबिधिक जनसत्तिहरुलाई अस्पताल, बर्थिङ केन्द्र , आधारभुत स्वास्थ्य सेवा केन्द्र र सामुदायिक स्वस्थ्य ईकाइमा खटाइनेछ ।<br>नियूक्ति गर्दा बिगत देखी कार्यरत रहेका स्वास्थ्य कर्मिहरूको कार्य सम्पादन तथा मुल्याङ्कन गर्दा सन्तोषजनक पाईएमा नियमानुसार निरन्तरता दिन सकिने छ । सन्तोषजनक नभएमा सो ठाउमा **सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४** अनुसार सेवा करारमा नियूक्ति गर्ने ।<br>स्थानिय तह अन्तरगत सेवा करारमा सम्झौता भएका स्वास्थ्य कर्मीहरुलाई आबश्यकताको आधारमा सबै स्वास्थ्य सस्थाहरुमा खटाउन सकिनेछ ।<br>सेवा करारमा सझौता भएका स्वास्थ्य कर्मीहरुलाई जुन सस्थामा काम बढी हुन्छ सो सस्थामा खटाउनु पर्नेछ ।<br>अस्पताल तथा २४ सै घण्टा प्रसुती सेवा उपलब्ध गराउने सम्बन्धमा स्थायी र सेवा करारका कर्मचारी बिचमा **Shift Rotation** को ब्यबस्था गरी २४ सै घण्टा प्रसुती सेवा लगायत अन्य सेवाहरु गर्नु पर्नेछ ।<br>सेवा करारमा नियूक्ति गर्दा दक्ष जनशत्तिहरुलाई पहिलो प्राथमिकता दिनेछ । |
| आर्थिक बाँडफाँड | तलब भत्ता नेपाल सरकारबाट तोकिएको स्केल उपलब्ध हुने ६ महिना भन्दा बढी समय काम काज गरेको भए चाडपर्ब खर्च र पोशाक भत्ता गाउँ सभाको निर्णय अनुसार उपलब्ध गराइने । साथै यसै शिर्षकबाट नेपाल सरकारको प्रचलित कानुन् अनुसार रात्रीमा कामकाज गर्ने स्वास्थ्य कर्मि तथा सरसफाई कर्मीहरुलाई डियूटी रोस्टरको आधारमा प्रति नाईट रु १५० दरले नाइट भत्ता उपलब्ध गराइनेछ । निरिक्षणको बेला कर्मचारी डियूटीमा नभेटीएमा सो रकम दिन बाध्य हुने छैन ।प्रचलित आर्थिक नियमानुसार खर्च पारदर्शि किसिमले गर्नु पर्ने ।बिनियोजन बजेट रु ८४,१०,०००.०० |

## अनुसुची १

### संक्रमण नियन्त्रण तथा स्वास्थ्य जन्य फोहरमैला ब्यबस्थापनका लागी चाहीने सामाग्रीहरुको सुची

| क्र स | सामाग्रीको नाम | संख्या | कैफीयत |
|---|---|---|---|
| 1 | Autoclave | 1 | ठुलो आकारको |
| 2 | Needle Destroyer | 4 | Electrical |
| 3 | Steel Cuboid | आबश्यकता अनुसार | सरसफाइका समान राख्नका लागी स्टिल दराज |
| 4 | बिभिन्न रंगका बाल्टिनहरु | आबश्यकता अनुसार | Health Care Waste Management Guideline 2014 Ministry Of Health मा तोकीए बमोजिम |
| 5 | चिम्टा | | फोहर समात्नका लागी |
| 6 | Big Size Drum | 2 | फहोर संकलन तथा Autoclave भए पछी |
| 7 | Plastic Bag | | |
| 8 | Phenyl | आबश्यकता अनुसार | |

## अनुसुची २

### आकस्मिक तथा अत्याबश्यक औषधिको सुची

| C.N. | Name of Drugs | Unit |
|---|---|---|
| 1 | Ranitidine /Omeprazole /Pantoprazole | Injection |
| 2 | Adrenaline | Injection |
| 3 | Chlorpheniramine | Injection |
| 4 | Aminophylline | Injection |
| 5 | Atropine | Injection |
| 6 | Hyoscine Bromide | Injection |
| 7 | Calcium Gluconet | Injection |
| 8 | Ciprofloxacin ,Ampicillin ,Ampiclox Ceftriaxone | Injection |
| 9 | Deriphylline | Injection |
| 10 | Dexamethasone | Injection |
| 11 | Dextrose 5% | Injection |
| 12 | Dextrose 10 % | Injection |
| 13 | Dextrose 25% | Injection |
| 14 | Dextrose 50% | Injection |
| 15 | Diazepam Lorazepam Midazolam | Injection |
| 16 | Dopamine | Injection |
| 17 | Hydrocortisone | Injection |
| 18 | Furosemide | Injection |
| 19 | Mannitol | Injection |

| | | |
|---|---|---|
| 20 | Metronidazole | Injection |
| 21 | Morphine | Injection |
| 22 | Nitroglycerine ,Labetalol | Injection |
| 23 | Normal saline (NS ) | Injection |
| 24 | Paracetamol | Injection |
| 25 | Metoclopramide | Injection |
| 26 | Pethidine | Injection |
| 27 | Phenergan | Injection |
| 28 | Potassium Chloride | Injection |
| 29 | Phenobarbitone | Injection |
| 30 | Phenytoin | Injection |
| 31 | Naloxone | Injection |
| 32 | Vitamin K | Injection |
| 33 | Ringers Lactate (RL) | Injection |
| 34 | Sodium bicarbonate | Injection |
| 35 | Diclofenaic | Injection |
| 36 | Dobutamine | Injection |
| 37 | Noradrenaline | Injection |
| 38 | Isoprinosine | Injection |
| 39 | Aminodarone | Injection |
| 40 | Magnesium sulphet | Injection |
| 41 | Digoxin | Injection |
| 42 | Adenosine Verapamil | Injection |
| 43 | Tram stat | Injection |
| 44 | Antacid | Tab/Syp |
| 45 | Aspirin | Tablet |
| 46 | Diclofenac | Tablet |
| 47 | Paracetamol | Tablet/Syp |
| 48 | Ibuprofen | Tablet |
| 49 | Codeine Phosphate | Tablet |
| 50 | Prednisolone | Tablet |
| 51 | Antidiotics | Tablet /Capsule |
| 52 | Povidineiodine | Solution |
| 53 | Antidiotics | Ointment |
| 54 | Other as Per Necessary | |
| 55 | Pentazocine | Injection |

## अनुसुची ३

## आकस्मिक अबस्थाका लागी देहाय बमोजिमका अत्याबश्यक औजारहरु

| C.N. | Equipment | Unit |
|---|---|---|
| 1 | Ambo Bag With Mask | Set |
| 2 | Artery Forceps | Pcs |
| 3 | Salbutamol Inhaler | Pcs |
| 4 | Povidone Iodine | Solution |
| 5 | Blood Transfusion Set | Set |
| 6 | BP Instrument | Set |
| 7 | Clinwax Ear Drop | Pcs |
| 8 | Crepe Bandage 4" | Pcs |
| 9 | Crepe Bandage 6" | Pcs |
| 10 | Dissection Forceps Non Tooth | Pcs |
| 11 | Dissection Forceps Tooth | Pcs |
| 12 | Disposable Syringe 3 ccm5cc,10cc,20cc | Gotta |
| 13 | Endo Tracheal Tube (Pediatric and Adult ) 3.0 -8.5 | Pcs |
| 14 | Laryngeal Mask Airway 3.0 -8.5 | Set |
| 15 | Foleys Catheter 6f-20f 3way | Pcs |
| 16 | Gloves No 6 ,6.5 , 7 and 7.5 (Surgical ) | Pair |
| 17 | I.V. Cannula 14G- 26G | Pcs |
| 18 | I.V. Set + Pediatric Burret | Pcs |
| 19 | I.V. Infusion Set | Pcs |
| 20 | C.V.P. Line Set | Set |
| 21 | Chest Tube (Different Size ) | Pcs |
| 22 | Ipratropium Bromide Inhaler | Pcs |
| 23 | Knee Hammer | Pcs |
| 24 | Laryngoscope with Blade (Adult and Pediatrics ) | Set |
| 25 | Leucoplast | Roll |
| 26 | Oxymetazoline Nasal Drop | Vial |
| 27 | Needle Holder | Pcs |
| 28 | Ryle's Tube (NG Tube ) | Pcs |
| 29 | Scissors ( Different Type ) | Pcs |
| 30 | Silver Sulphadiazine Cream | Tube /Batta |
| 31 | Stethoscope | Set |
| 32 | Suction Machine With Tube | Set |
| 33 | Thermometer | Pcs |
| 34 | Sphygmomanometer | Pcs |
| 35 | Tongue Depressor | Pcs |
| 36 | Torch Light | Pcs |
| 37 | Uro bag | Pcs |
| 38 | Wooden Splint | Pcs |
| 39 | Spinal Board 1 | Pcs |
| 40 | Cervical Collar 1-5 | Pcs |
| 41 | Pulse Ox- meter | Pcs |
| 42 | Otoscope 1 | Set |
| 43 | Ophthalmoscope 1 | Set |
| 44 | Glucometer 1 | Set |
| 45 | Digital Clock | Pcs |
| 46 | Different Size ( K Wire ) | Roll |